# ताँजाकोट गाउँपालिकाको १७ औ गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष श्री सुरेन्द्र बहादुर थापाज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०८२।०८३ को वजेट वक्तव्य

ताँजाकोट गाउँपालिका

चाखुरे, हुम्ला

मिति २०८२ साल असार १० गते मंगलवार

आदरणिय गाउँसभाका सभाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारी,पत्रकार मित्र तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित ताँजाकोट गाउँपालिकाको स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा चौथो पटक आ.व.२०८२।०८३ को वजेट प्रस्तुत गर्न पाउँदा हर्षित र गौरवान्वित महशुस गरेको छु । यस अवसरमा म नेपालमा लोकतन्त्र,नागरिक सर्वोच्चता र सुशासन कायम गर्ने इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति,न्यायपूर्ण आन्दोलन, सशस्त्र संघर्ष र युगान्तकारी जनयुद्धको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगिलिक अखण्डता, राष्ट्रिय एकता,स्वाधिनता, राष्ट्रिय हित र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान शहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै शहिद,घाईते अपाङ्ग तथा बेपत्ता योद्धाहरुको त्याग, तपस्या, बलिदानी र योगदानको उच्च सम्मान प्रकट गर्दछु । इतिहास निर्माता आदारणीय जनसमुदाय, समाजका अग्रज,राजनैतिक नेतृत्व र नागरिकहरुको योगदानको पनि उच्च सम्मान प्रकट गर्दछु । यो वजेट तयार गर्न सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष लालकेश जैसीज्यू, गाउँसभाका सदस्यज्यूहरु, पूर्वजनप्रतिनिधिहरु ,गाउँपालिकामा प्रतिनिधित्व रहेका गाउँपालिकामा सक्रिय राजनितिक दलहरुका प्रतिनिधिहरु, शिक्षक, वुद्धिजिवी, समाजसेवी, संघ संस्थाका कर्मचारी, तथा राष्टसेवक कर्मचारीहरुवाट प्राप्त सकारात्मक सल्लाह सूझावका लागि सम्वन्धित सवैमा धन्यवाद तथा आभार प्रकट गर्दछु ।

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधार तयार गरी सन्तुलित विकासलाई जोड दिइएको छु । सुन्दर, समुन्नत, र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने गरि आ. व. २०८२।०८३ को वजेटलाई अभिमुख गरेको छु। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित

स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी रुपले, दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी ताँजाकोट वासीको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकासका लागी जोड दिएको छु।

विकासका लागि नागरिक भन्ने नाराका साथ विकासका गतिविधिहरुमा समन्यायिक वितरण र सवै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइएको छु । प्रतिव्यक्ति आयमा वृद्धि,शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासका पक्षलाई जोड दिइएको छु ।

नागरिकको नजिकको सरकारको रुपमा स्थापित यस गाउँपालिका अन्तर्गत रहेका ५ वटा वडा कार्यालय,विषयगत शाखा,इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो,छरितो र प्रभावकारी ढङ्गले सेवा प्रवाह हुने व्यवस्था मिलाईएको छु । नियमित कार्यसम्पादन तथा सेवा प्रवाहका लागि दरवन्दि बमोजिम पदपूर्ति गरी उपलब्ध जनशक्तिलाई दक्ष,सीपयुक्त र कार्य जिम्मेवारी प्रति समर्पित बनाउन मौज्दात रहेका जनशक्तिको क्षमता विकासमा जोड दिईएको छु ।

गाउँपालिकालाई उत्कृष्ट वनाउन, दलित गरिव र पिछ्डिएका मानिसहरुको उचित व्यवस्थापन गर्न, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्न र योजनावद्ध गाउँपालिकाको विकास गर्न यस वजेटमा प्रमुख प्राथमिकताहरुको रुपमा राखी वजेट विनियोजन गरेको छु।

यस ताँजाकोट गाउँपालिकाका लागी आर्थिक वर्ष २०८२।०८३ का लागी संघिय सरकार र प्रदेश सरकारबाट गाउँपालिकाको समग्र विकास र समृदिका लागी आवश्यक उचित वजेटको व्यवस्था गर्नु भएकोमा गाउँपालिकाको तर्फवाट संघिय सरकार र कर्णाली प्रदेश सरकारलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु।

आर्थिक वर्ष २०८२।०८३ का लागि ताँजाकोट गाउँपालिका गाउँकार्यपालिकाले तयार गरेको विनियोजन ऐन २०८२ बमोजिम संघिय सरकार वित्तिय हस्तारन्तरण र प्रदेश सरकार वितिय हस्तान्तरण गरि निम्न बमोजिम वजेट रहेको छ ।

क संघिय सरकारबाट प्राप्त अनुदान

१ संघिस वित्तिय समानिकरण अनुदान रु ७ करोड २ लाख।

२ संघिय ससर्त अनुदान रु १४ करोड ४३ लाख ।

३ संघिय समपुरक अनुदान रु १ करोड २० लाख

४ संघिय विशेष अनुदान रु १ करोड ३७ लाख।

५ संघिय राजश्व वाडफाँड रु ७ करोड २ लाख ९९ हजार ९ सय २५ ।

जम्मा रु ३१ करोड ४ लाख ९९ हजार ९ सय २५।

ख प्रदेश सरकार बाट प्राप्त अनुदान

१ प्रदेश समानीकरण नुदान रु ७५ लाख ९९ हजार।

२ प्रदेश ससर्त अनुदान रु २ करोड २५ लाख ८४ हजार।

३ प्रदेश समपुरक अनुदान रु १ करोड ७५ लाख।

४ प्रदेश राजश्व वाँडफाँड रु ९ लाख १० हजार।

जम्मा रु ४ करोड ८५ लाख ९३ हजार।

ग स्थानीय तह

१ आन्तरिक राजश्व रु २५ लाख।

**जम्मा चालु खर्च रु १८ करोड २३ लाख ९३ हजार ९ सय २५।**

**जम्मा पुजिगत वजेट रु १७ करोड ९१ लाख ९९ हजार ।**

**कुल जम्मा रु ३६ करोड १५ लाख ९२ हजार ९ सय २५।**

गाउँ सभाका सभाध्यक्षज्यू

गाउँसभाका सदस्यज्यूहरु

अव म आगामी आर्थिक बर्ष २०८२।०८३ को क्षेत्रगत बजेट गाउँपालिकाको विनियोजन ऐन २०८२ को अधिनमा रहि यस गाउँशभामा प्रस्तुत गर्न अनुमति चाहान्छु।

**क. सामाजिक विकास क्षेत्र**

शिक्षा विज्ञान तथा प्रविधि -

**शिक्षा तर्फ संघिय ससर्त अनुदान-**

माध्यमिक तथा आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान ,प्रारम्भिक बाल विकास सहजकर्ताहरुको

पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान, माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) ,सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन, शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण, विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक, अनुदानतोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदानको लागि ८ करोड १२ लाख ३० हजार वजेटको व्यवस्थापन भएको छ ।

**शिक्षा तर्फ गाउँपालिका अनुदान-**

यस गाउँपालिकाको सामाजिक विकासको मुख्य आधारशिलताको रुपमा रहको शैक्षिक प्रणाली तथा सम्पुर्ण शैक्षिक संस्थाहरुमा अध्ययनरत विधार्थीहरुलाई मुख्य केन्द्रविन्दुमा राखि विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेखनिय सुधार गर्नुका साथै र विधार्थीहरुको सर्वाङ्गिण विकास गर्नका लागि आवश्यकताका आधारमा तहगत र विषयगत गाउँपालिका अनुदान शिक्षकहरुको दरवन्दि सृजना गर्न, बालिविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको थप तभको व्यवस्था गर्न, सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु तथा प्रधानाध्यापको लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्न, बालमैत्री विद्यालय तथा बालविकासको व्यवस्थापन गर्न, विद्यालयमा आवश्यक भौतिक पुर्वाधार निर्माण तथा पुस्तकालय विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्थापन गर्न, स्थानिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, विद्यालयमा विधार्थीहरुको नियमितताको लागि हेलो अभिभावक कार्यक्रम सञ्चालन गर्न, कमजोर तथा आवश्यक विधार्थीहरुको लागि नमुना कोचिङ्ग कक्षा

अभिभावकसँग साझेदारी कार्यक्रम सञ्चालन गर्न, शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न, दलित महिला विपन्न तथा जेहेन्दार विधार्थीको लागि उच्च शिक्षा छात्रवृति तथा आवासिय छात्रवृतिको व्यवस्था गर्न, शैक्षिक संस्थाहरुको गुणस्तर सुधारका लागि विद्यालय मर्जलाइ कडाइका साथ कार्यान्वयन गर्नुका साथै विद्यालयको अनुगमन सुपरिवेक्षण मुल्याङ्कन परिक्षा प्रणालीलाइ चुस्तदुस्त र व्यवस्थित गर्नका लागि **गुणस्तरीय शिक्षाको लागि गाउँपालिका अध्यक्ष कार्यक्रम**, को लागि २  करोड ५० लाख वजेटको व्यवस्थापन गरेको छु ।

ख . **स्वास्थ्य तथा पोषण**

**संघिय र प्रदेश सरकार ससर्त अनुदान-**

स्थायी कर्मचारि तलब, किशोर किशोरि स्वास्थ्य ,चेतना मूलक तालिम, महामारि तथा आकस्मिक अनुसन्धान र नियन्त्रण, RRT टिम परिचालन ,सामुदायमा क्षयरोग नियन्त्रण, मातृ तथा नबजात शिशु ,आधारभूत स्वास्थ्य सेवाका न्यूनतम सेवा मापदण्ड, बशुक्षेत्रीय पोषण, सुनौला हजार दिन भित्रका महिलाहरको पोषण शुधार आयआर्जनमा सुधार,  खोपलाई सुदृढिकरण, H PV खोप शुरुवात, नियमित पूण खोप सुनिश्चितता र दिगोपना, परिवार नियोजन सेवा, अतिआबश्य औषधी खरिद तथा ढुवानि ,बिभिन्न स्वास्थ्य दिवश रिपोट रेकड छपाई तथा ढुवानि, किटजन्य रोग ,जुनोटिक रोग , सामुदायक महिला स्वास्थ्य स्वम सेबिकाको पोषका प्रोत्शाहन र यातायत खर्च  ,कर्णली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली सामुदायक महिला स्वास्थ्य स्वंम सेबिका प्रोत्शाहन भत्ता सामुदाय स्वास्थ्य ईकाई ताजाकोट ०३ मासपुर र गोठेलबाडा बर्थिङ सेन्टर सुधार सबै गरेर रु १ करोड ७० लाख ९९ हजार व्यवस्था भएको छ।

**गाउँपालिका अनुदान-**

यस गाउँपालिका भरिका आम नागरिकको स्वास्थ्य सेवामा सजिलै र प्रभाकारी पहुँच पुर्याई समयमै रोगको पहिचान नियन्तरण तथा रोकथाम गर्नुका साथै यस गाउँपालिकाकामा देखा परेका बिभिन्न खालका स्वास्थ्य सम्वन्धि समस्याको दिर्घकालिन समाधान, स्वास्थ्य संस्थामा आवश्यक ल्याव, औषधि, उपकरण

एम्वुलेन्स व्यस्थापन, पोषण लगायत विभिन्न स्वास्थ्य तथा सरसफाई सम्वन्धि घरदैलो अभियान कार्यक्रम विद्यालयमा विद्यार्थिको नियमित स्वास्थ्य चेकजाँच ,महिला स्वास्थ्य संय सेविकाको क्षमता विकास, वहुक्षेत्रिय पोषण सम्वन्धि कार्यक्रम, मर्यादित महिनावारी सम्वन्धि जनचेतनामुलक तालिम र स्वास्थ्य संस्थामा कार्यरत गाउँपालिका अनुदानबाट नियूक्त भएका करार कर्मचारीहरुको तलव भत्ता र गत वर्षको दायित्व तलव भत्ता समेत, धामी झाक्रीलाई जनचेतनामुलक कार्यक्रम स्वास्थ्य संस्था व्यवस्थापन र विभिन्न साझेदारी संस्था संग समन्वय जस्ता कार्यक्रम **पोषण सुधारका लागी सुनौला हजार दिनका गर्भवती महिलालाई उपाध्यक्ष कोशेली कार्यक्रम**, संचालनका लागी रु ५० लाख बजेटको व्यवस्था गरेको छु।

**महिला तथा वालवालिका तथा समाज कल्याण**

महिला, बालवालिका, अल्पसंख्यक, भुमिहिन, अतिगरिब, आदिवासी जनजाती, सामाजिक वहिष्करणमा परेका वर्ग तथा समुदाय, अपाङ्गता, जेष्ठ नागरिक, सिमान्तकृत समुदाय, हिंसा पिडित महिला, उत्पिडित उपेक्षित दलित समुदाय, उत्थानको लागि उत्थानशिल तथा पर्वधनका विभिन्न कार्यक्रम सञ्चालन गर्न ,उद्धमशिल महिला कार्यक्रम सञ्चालन गर्न , ४० देखि ५९ वर्षसम्मका एकल विदुर पुरुष लक्षित जिवन उत्थान कार्यक्रम सञ्चालन गर्न , हिंसा मुक्त गाउँपालिका हाम्रो अभियान कार्यक्रम सञ्चालन गर्न , दलित समुदायले जिवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत उद्धम पेशालाइ प्रोत्साहन कार्यक्रम, बालविवाह, वहुविवाह बालश्रम, विभिन्न किसिमका सामाजिक विकृति विसङ्गि न्युनिकरणका लागि विभिन्न जनसचेतनामुलक कार्यक्रम सञ्चालन गर्न, संघिय लोकतान्त्रिक गणतान्त्रात्मक राज्य व्यवस्था प्राप्तिका लागी जिवन आहुति गर्ने महान शहिद, घाइते, अपाङ्ग, वेपता, र द्वन्द पिडित लाई लक्षित समेत गरि यस ताँजाकोट गाउँपालिका भित्र रहेका सवै शहिद घाइते अपाङ्ग र द्वन्द पिडितकाका परिवारमा केहि आय आर्जन सुधार गर्न प्रेरित हुने गरि जम्मा रु **रेड जुन दलित समुदाय उत्थान परियोजना** को लागि ५५ लाख बजेट विनियोजन गरेको छु।

**खानेपानीका क्षेत्र तर्फ**

गाउँपालिका भित्रका खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाउन र जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गरी ति श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाउन रु  ८५ लाख वजेटको विनियोजन गरेको छु ।

**युवा खेलकुद तथा संस्कृति क्षेत्र**

वैदेशिक रोजगारवाट फर्केका युवाहरुको आय आर्जनका कार्यक्रमहरु, दुर्व्यसनमा परेका युवाहरुलाइ निरोधात्मक, पर्वधनात्मक, उपचारात्मक कार्यक्रमहरु, युवाहरुलाइ विदेश हैन विजिनेस कार्यक्रम, खेलकुदका विकास गर्न गाउँपालिकामा विभिन्न गौरवका रुपमा खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्न, जिल्ला तथा प्रदेश स्तरका प्रतियोगिताहरुमा गाउँपालिकावाट सहभागि भइ उत्कृष्ट खेलाडीहरुलाइ पुरस्कार तथा प्रोत्साहनको व्यवस्थापन गर्न, गाउँपालिकामा आयोजनाहरु विभिन्न साँस्कृतिक कार्यक्रमहरु,  देउडा प्रतियोगिताहरु, हुड्के नाच, दमाहा नाच,  स्थानिय चाडपर्व, कला, संस्कृति, संगित, झाकी, मौलिकता झल्किने वास्तुकला, मुर्तिकला, चित्रकला, भाषालिपि लगायत विभिन्न स्थानिय भेषभुषाको संरक्षण तथा पर्वधन गर्नको २५ लाख वजेटको व्यवस्थापन गरेको छु।

**ख. आर्थिक विकास**

**कृर्षि तथा पशु तर्फ**

**संघीय सरकार ससर्त अनुदान-**

कृर्षि तथा पशु सेवाको सुधारका लागी एक गाउँ एक प्राविधिकको व्यवस्था ,कृर्षि पशुपंक्षि तथा मत्स्य पालन ,किसान सुचिकरण कृर्षि विकास कार्यक्रम ,रैथाने वाली संरक्षण र वाख्रा पकेट कार्यक्रम र पशुपक्षी विकास कार्यक्रम लागी रु३७ लाख ७६ हजार व्यवस्था भएको छ ।

**गाउँपालिका अनुदान-**

यस गाउँपालिकाका प्राय मानिसहरु कृर्षिमा आत्मनिर्भर भएका कारण कृर्षि क्षेत्रमा रैथाने बालिको संरक्षण तथा बजारीकरण, बिभिन्न पकेट क्षेत्रको छनोट, कृर्षि सिचाई , **कृर्षि सडक एक वगैचा अनेक स्वामित्व** , हरित वगैचा ,तरकारी खेती , **वजारीकरण ढुवानी अनुदान**, सहकारी संस्थाको विकास र समृदि,कृर्षिजन्य र मासुजन्य उघोगहरुको संचालन तथा नियमन, **अध्यक्ष संग महिला तथा दलित आय आर्जन कार्यक्रम** र ,बिभिन्न उन्नत जातका विउविजन खरिद तथा वितरण गर्ने गरी र पशु तर्फ यस गाउँपालिकामा पशु सेवा क्षेत्रमा पहुँच पुर्याउनका लागी नश्ल सुधार,उन्नत जातका खसि वोका र कुखुराका चल्ला वितरण गर्ने र अन्य सो सँग सम्वन्धित आवश्यक विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरी एकमुष्ठ रु ५० लाख १९ हजार विनियोजन गरेको छु ।

**स्थानीय उद्योगका क्षेत्र**

**संघिय ससर्त अनुदान**

गरिवि निवारणका लागी लघु उदम विकास कार्यक्रम संचालन तथा र स्थानीय उद्दमिको स्तरनउन्नति क्षमता विकासका लागी सिपमुलक तालिमका लागी कार्यक्रम संचालन खर्च रु १३ लाख व्यवस्था भएको छ ।

गाउँपालिका अनुदान-

औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिकामा बिभन्न कार्यक्रम संचालन गर्न ,उद्योग व्यवसाय दर्तास्थानान्तरण तथा नामसारी जस्ता ,नविकरण , प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाउन, स्थानीय उघमिहरुलाई प्रोत्साहन गर्न ,गाउँपालिकाकामा विभिन्न उद्दमशिलता सम्वन्धि तालिम संचालन गरि प्रविधि हस्तारन्तरण गरि स्थानीय पेशा व्यवसायलाई प्रर्वर्धन गर्नका लागी रु २० लाख वजेटको व्यवस्था गरेको छु ।

**भौतिक पूर्वाधार क्षेत्र तर्फ**

संघिय सरकार ससर्त अनुदान- यस ताँजाकोट गाउँपालिकाको भैतिक पूर्वाधार क्षेत्रको विकासको लागि संघिय सरकारबाट गाउँपालिकाका लागी प्राप्त योजना तथा कार्यक्रमहरु तपशिल बमोजिमको व्यवस्था गरिएको छ ।

| क्र स | संघिय सशर्त अनुदानको योजना तथा कार्यक्रमहरु | वजेट |
|---|---|---|

| | | |
|---|---|---|
| १ | नैकाला देखि मुसुरेसम्म सडक स्तरउन्नती ताँजाकोट ३ | २०००००० |
| २ | सियाली खोला झुलङ्गे पुल निर्माण ताँजाकोट ३ | ६००००० |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम ताँजाकोट गाउँपालिका | १८००००० |
| ४ | स्थानिय पुर्वाधार विकास सहयोग कार्यक्रम | २४२००००० |
| ५ | राष्ट्रिय रोजगार कार्यक्रम | ३२००००० |
| ६ | निर्मित गुरुयोजनाको आधारमा स्थानिय तह साझेदारीमा विद्यालय भौतिक पुर्वाधार निर्माण | ६६००००० |
| ७ | गिठेना सिचाइ कुलो निर्माण ताँजाकोट १ | ५०००००० |
| ८ | खाली चिहि गाउँमा ढल निकासा ताँजाकोट ५ | २०००००० |
| ९ | कोसेसिङ्ग पाटु तटवन्धन ताँजाकोट ५ | २०००००० |
| १० | धरालाचौड देखि गुम्च सडक निर्माण ताँजाकोट ५ | २०००००० |
| ११ | केन्द्रवाट छनोट भएका गूरुयोजना निर्माण भएका विद्यालयको भौतिक पुर्वाधार निर्माण | १०००००० |
| | | ५०४००००० |

| क्र स | संघिय सरकार र स्थानिय सरकारको साझेदारीमा सञ्चालित समपुरक र विशेष अनुदानका कार्यक्रमहरु | वजेट |
|---|---|---|
| १ | गुरादेव पर्यटन पुर्वाधार विकास कार्यक्रम ताँजाकोट १ | १२०००००० |
| २ | माध्यमिक विद्यालय डिजिटल कार्यक्रम | १३७००००० |

**प्रदेश सरकार ससर्त अनुदान-**

प्रदेश सरकार ससर्त अनुदान- यस ताँजाकोट गाउँपालिकाको भैतिक पूर्वाधार क्षेत्रको विकासको लागि प्रदेश सरकारबाट गाउँपालिकाका लागी प्राप्त योजना तथा कार्यक्रमहरु तपशिल बमोजिमको व्यवस्था गरिएको छ ।

| क्र स | प्रदेश सरकार सशर्त अनुदानको योजना तथा कार्यक्रमहरु | वजेट |
|---|---|---|
| १ | रोकायावाडा सिचाइ कुलो निर्माण ताँजाकोट २ | २०००००० |
| २ | भोक्नदेखि काँडागाउँसम्म खानेपानी योजना ताँजाकोट १ | २०००००० |

| | | |
|---|---|---|
| ३ | चाखुरे सामुदायिक कागती पर्वधन कार्यक्रम ताँजाकोट ३ | २०००००० |
| ४ | भदालदिपु पर्यटकिय पदमार्ग तथा सिढि निर्माण ताँजाकोट ४ | २०००००० |
| ५ | चिहि सामुदायकि स्याउ खेति तथा ओखर पर्वधन कार्यक्रम ताजाकोट ५ | २०००००० |
| ६ | मैला स्वास्थ्य चौकी देखि मेहेलपानी तटवन्धन निर्माण ताँजाकोट ३ | १०००००० |
| ७ | डिम्मरखोला वस्ति पहिरो रोकथाम  योजना ताँजाकोट ३ | १०००००० |
| ८ | कोल्पेना सिचाइ नहर योजना ताँजाकोट ३ | १५००००० |
| ९ | गल्लावाडा घरजिउला सिचाइ ताँजाकोट ४ | १०००००० |
| १० | गाडिखेत भैसावान्ना सिचाइ ताँजाकोट ४ | १०००००० |
| ११ | चुलिपाटा सिचाइ कुलो निर्माण ताँजाकोट ३ | १०००००० |
| १२ | असारेपसार देखि अमरवैजीवाडा सम्म खानेपानी योजना ताँजाकोट ५ | १५००००० |
| १३ | वडा कार्यालय देखि चिहिगाउँ सम्म सडक निर्माण ताँजाकोट ५ | १५००००० |
| १४ | गुरादेव पर्यटकिय पुर्वाधार निर्माण ताँजाकोट ३ | १०००००० |
| १५ | डिम्मरखोला वस्ति पहिरो रोकथाम  योजना ताँजाकोट ३ | १०००००० |
| | | २१५००००० |

| क्र स | प्रदेश सरकार र स्थानिय सरकारको साझेदारीमा सञ्चालित समपुरकअनुदानका कार्यक्रमहरु | वजेट |
|---|---|---|
| १ | धर्मोदय मावि भौतिक पुर्वाधार निर्माण | १०५००००० |
| २ | मदनादेव मावि भौतिक पुर्वाधार निर्माण | ७५००००० |

## गाउँपालिका अनुदान

ताँजाकोट गाउँपालिकाको भौतिक पूर्वाधार क्षेत्रमा यस गाउँपालिकाका विभिन्न वडामा रहेका ग्रामिण सडक जस्तै कवाडी देखी मदना खौला सम्म , भैसावान्ना देखी मदना वडा कार्यालय सम्म ,लुइयाटा देखी वौल्याना सम्म र छप्रेला देखी नाउली सम्म सड्कको स्तरउन्नती विभिन्न ठाउँका गोरेटो वाटो निर्माण ,विभिन्न स्थानमा काठे पुल निर्माण  पालिकामा रहेका स्थानीय धार्मिकस्थल मन्दिरहरुको निर्माण तथा मर्मत विभिन्न स्थानमा पहिरो रोकथाम तथा नियन्तरणका लागी तटवन्धन , विद्यालयमा सौचालय तथा भवन  निर्माण , फलफुल खेति घेरवार,

विभिन्न ठाउँमा सिचाइ योजना ढल निकास तथा व्यवस्थापन, गाउँपालिकामा कोल्ड स्टोर निर्माण, जस्ता गाउँपालिका भित्रका विभिन्न वडामा आवश्यक रहेका सवैखाले भौतिक पूर्वाधार विकासका लागी रु २ करोड बजेट विनियोजन गरेको छु ।

| क्र स | स्थानिय पुर्वाधार विकास सहयोग कार्यक्रम साझेदारी | वजेट |
|---|---|---|
| २ | वडा न १ को स्थानिय पुर्वाधार सहयोग साझेदारी कार्यक्रम | ७७०००० |
| ३ | वडा न २ को स्थानिय पुर्वाधार सहयोग साझेदारी कार्यक्रम | ७७०००० |
| ४ | वडा न ३ को स्थानिय पुर्वाधार सहयोग साझेदारी कार्यक्रम | ९०००००० |
| ५ | वडा न ४ को स्थानिय पुर्वाधार सहयोग साझेदारी कार्यक्रम | ७७०००० |
| ६ | वडा न ५ को स्थानिय पुर्वाधार सहयोग साझेदारी कार्यक्रम | ८०००००० |

### ३. वन तथा वातावरण क्षेत्र

**वन वातावरण जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्वन्धिका कार्यक्रमहरु सञ्चालन गर्नः** जलवायु परिवर्तनको लागि प्रतिकुल प्रभावलाइ अनुकुल वनाउन- हरित सडक कार्यक्रम ,वातावरणिय परिक्षण वातावरणिय मुल्याङ्कन ,पोखरी संरक्षण स्थानिय वन व्यवस्थापन, पहिरो नियन्त्रण, , फोहोरमैला व्यवस्थापनका लागी गाउँपालिका केन्द्र , छप्रेला वजार लगायत अन्य ठाउँको फोहोर व्यवस्थापनका लागी डम्पिङ् सेन्टर निर्माण , खानेपानीको मुहानहरुको संरक्षण, सिमसार क्षेत्रहरुको संरक्षण एंवम पर्वधन, खोला कटानको व्यवस्थापन, ढुङ्गा गिट्टि बालुवा जस्ता नदिजन्य वस्तुहरुको अनाधिकृत दोहोनलाइ रोक्न, आगलागी नियन्तरण गर्न वातावरण मैत्रि पुर्वाधार विकास सडकको लगतकट्टा, फलफुल जन्य विरुवा रोपेर हुर्काए वापत प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि रु ३० लाख वजेटको व्यवस्था गरेको छु।

### सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्र

गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका

विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गर्न र बिभिन्न खालका डकुमेन्ट्रि तयार गर्न गाउँपालिकाका प्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास तालिम तथा अवलोकन भ्रमणका लागी रु २० लाख विनियोजन गरेको छु ।

**न्याय, कानून तथा मानव अधिकार क्षेत्र**

गाउँपालिकामा रहेको न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध निर्माणका लागी न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरुका लागी रु १५ लाख रकम विनियोजन गरेको छु ।

**सूचना तथा संचार क्षेत्र**

गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्नेगाउँपालिकाका , निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीतिलिन , स्थानीय तथा राष्ट्रिय पत्र, पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गर्न ,डिजिटल गाउँपालिका निर्माण गर्न र नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाई गाउँपालिकामा सेवा प्रवाहलाई प्रभावकारी वनाउन इन्टरनेट सेवा सुल्क सहितका लागी रु २० लाख विनियोजन गरेको छु ।

**शान्ति शुरक्षा व्यवस्थापन क्षेत्र**

यस ताँजाकोट गाउँपालिकको शान्ति सुरक्षा तथा अमन चयन कायम गरि दिर्घकालिन रुपले समाधान गर्न बिभिन्न कार्यक्रम तथा योजनाका लागी रु २ लाख वजेट विनियोजन गरेको छु ।

**मर्मत संभार तथा विविध क्षेत्र**

गाउँपालिकामा संचालन भएका सवै खाले योजनाहरुको पुर्ननिर्माण तथा व्यवस्थापन गर्न र गाउँपालिकामा हुने विविध तथा भैपरि आउने खर्चका लागी रु ८० लाख वजेटको व्यवस्था गरेको छु।

**गाँउपालिकाको पुरानो विभिन्न दायित्वका क्षेत्र**

यस ताँजाकोट गाउँपालिकाको यस भन्दा अघिल्ला विभिन्न आर्थिक बर्षमा गाउँपालिकाले समय समयमा योजना तथा कार्यक्रम बनाई योजना तथा कार्यक्रम सम्पन गरेको तर गाउँपालिकाले संघिर सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व तथा बित्तिय समानीकरण अनुदान अनुमान गरेभन्दा कम प्राप्त हुदा सृजना भएका दायित्त्व भुक्तानी गरि समय भैईरहेको गाउँपालिकाको वोझ हटाउन २ करोड रकम विनियोजन गरेको छु ।

**जनिप्रतिनिहरुको सेवा सुविधा स्थायी कर्मचारीहरुको तलव भत्ता तथा अन्य भत्ता**

कर्मचारीको तलव भत्ता र प्राविधिक शाखाका कर्मचारीहरु फिल्ड भत्ता जनप्रतिनिधिको सेवा सुविधा ,जनप्रतिनिधि तथा कर्मचारीहरुको अन्य भत्ताका लागि रु २ करोड ४५ लाख विनियोजन गरेको छ।

**इन्धन खर्च**

गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीको प्रयोजनकालागी इन्धन खर्च वापतको रु ३० लाख विनियोजन गरेको छु।

**कार्यालय मसलन्द तथा व्यवस्थापन खर्च**

गाउँपालिकाको कार्यालय संचालन तथा व्यवस्थापन मसलन्द खर्च वडा कार्यालयको चालु खर्चका लागी रु ७० लाख रकम विनियोजन गरेको छु।

**अनुगमन, मुल्याङ्कन, भ्रमण खर्च र अतिथि सत्कार**

गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीका लागी अनुगमन मुल्याङ्कन र भ्रमण खर्च शिर्षकमा रु ३० लाखवि नियोजन गरेको छु।

## राष्ट्रिय रोजगार कार्यक्रम

१. गाउँपालिकाका युवाहरुको रोजगार सृजनाको लागि प्रधानमन्त्रि रोजगार कार्यक्रमको रु ६५ लाख मा र ताँजाकोट गाउँपालिकाले रु १६ लाख वजेट **गरि रु ८१ लाख** लागी विनियोजन गरेको छु।

२. रोजगार सम्वन्धि अभिमुखिकरण स्थानिय तहको रोजगार रणनिति तर्जुमा आन्तरीक रोजगार पर्वधन अभियान र **श्रमको सम्मान राष्ट्रको अभियान** रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालनका लागि १३ लाख वजेट विनियोजन भएको छ ।

अन्त्यमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकिय कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै ताँजाकोट गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२।०८३ को वार्षिक वजेट तथा कारेयक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सु-अवसर प्रदान गर्ने आम ताँजाकोट गाउँपालिका बासि,नेपाल सरकार, प्रदेश सरकार, सवै राजनितिक दल, राष्टसेवक कर्मचारी,नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद**

**सुरेन्द्र बहादुर थापा**

**उपाध्यक्ष ताँजाकोट गाउपालिका हुम्ला**

**सम्वत २०८२ साल असार १० गते मंगलवार**